STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन ४ गते बुधबार ❑ 16 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## एमसिसीमा सबै दलको समर्थन हुने प्रधानमन्त्री देउवाको विश्वास

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ फागुन**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) का पक्षमा सबै राजनीतिक दल एक ठाउँमा उभिएर संसद्‌बाट अनुमोदन हुने विश्वास व्यक्त गर्नुभएको छ।

कांग्रेस संसदीय दलको मंगलबार बसेको बैठकमा उहाँले कांग्रेससँगै सबै दलको सहयोगमा एमसिसी अनुमोदन हुने विश्वास व्यक्त गर्नुभएको कांग्रेस महामन्त्री गगनकुमार थापाले जानकारी दिनुभयो । एमसिसीसम्बन्धी प्रस्ताव तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले मन्त्रिपरिषद्‌बाट पारित गरी २०७६ साल असार ३० गते संसद्मा दर्ता गराएको र सो दलमा आबद्ध सबै सांसद हाल विभिन्न दलमा भए पनि एमसिसी प्रस्तावमा समर्थन हुने प्रधानमन्त्रीको विश्वास थियो । उक्त समयमा नेकपामा रहनुभका सांसदहरु हाल नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टीमा हुनुहुन्छ। सो प्रस्तावलाई तत्कालीन अवस्थामा प्रतिपक्षमा रहेको कांग्रेसले छलफलमा लगेर अनुमोदन गर्नुपर्ने धारणा व्यक्त गरेको थियो। प्रधानमन्त्री देउवाले कांग्रेस सरकारमा रहँदा एउटा र प्रतिपक्षमा रहँदा अर्को विचार व्यक्त गर्ने दल होइन, त्यसो गर्दा हामी अरू दलभन्दा फरक हुँदैनौं, यसको क्षणिक लाभहानि होला भनेर कांग्रेस आफ्नो कर्तव्यबाट च्यूत नहुने बताउनुभएको थियो । 'ओली नेतृत्वको सरकारले संसद्मा दर्ता गराएको एमसिसी प्रस्ताव पारित गर्नुपर्‍यो भनेर हामी भनिरहेका छौं, तर त्यही दलका प्रमुख सचेतक विशाल भट्टराईले अहिले संसद्‌बाट एमसिसी अनुमोदन गर्ने षडयन्त्र भइरहेको छ भन्ने कुराले मलाई उदेक लागेको छ,' प्रधानमन्त्री देउवालाई उद्धृत गर्दै महामन्त्री थापाले भन्नुभयो । प्रधानमन्त्री देउवाले सभामुख अग्निप्रसाद सापकोटासँग परामर्श गरेको आधारमा भोलि फागुन ४ गते बस्ने प्रतिनिधिसभा बैठकमा एमसिसीसम्बन्धी प्रस्ताव टेबल हुने विश्वास व्यक्त गर्नुभएको थियो । बैठकले एमसिसीसम्बन्धी प्रस्ताव तत्काल संसद्मा टेबल गरेर अनुमोदन प्रक्रिया अघि बढाउन माग गर्ने निर्णय गरेको छ। साथै बैठकले एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत दल सो प्रस्तावको पक्षमा उभिने विश्वास व्यक्त गरेको महामन्त्री थापाले बताउनुभयो।

बैठकले प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणाविरुद्धको महाअभियोग प्रस्ताव पारित गर्नका लागि कांग्रेसले हस्ताक्षरकर्ताबाहेक अन्य दलसँग संवाद र अनुरोध गर्ने निष्कर्ष निकालेको छ। कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीका ९८ जना सांसदहरुले आइतबार सो महाअभियोग संसद्मा दर्ता गराउनुभएको थियो।

## फागुन ६ गतेदेखि पोखरामा केवलकार संचालनमा आउने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ फागुन**

पोखरामा नयाँ पर्यटकीय गन्तव्य थपिएको छ। पछिल्लो समयमा पुम्दीकोट बिशाल महादेवको मुर्तिले चर्चा पाएको अबस्थामा पोखरामा मानव निर्मित अर्को नयाँ पर्यटकीय गन्तव्य केवलकार संचालनमा आएको छ।

अन्नपूर्ण केवलकार व्यवसायीक रुपमा यही फागुन ६ गतेदेखि संचालनमा आउने भएको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा अन्नपूर्ण केवलकारका निर्देशक एवं संचालक तिर्थराज त्रिपाठीले जनाए । यही फागुन ६ गते देखि उक्त केवलकारको सफ्ट ओपनिङ हुने भएको बताएका उनले फेवातालको किनार सेदीबगरबाट ८ देखि ९ मिनेटमै सराङ्कोट डाडाँमा पुग्न जनाए।

नेपालीहरुको लागि केवलकारमा जाने र आउने शुल्कः ७ सय रुपैया निर्धारण गरिएको कम्पनीले जनाएको छ । त्यसै गरी सार्क राष्ट्रका पर्यटकलाई ८ सय र अन्य विदेशीहरुलाई भने ८ डलर शुल्क निर्धारण गरिएको त्रिपाठीले जनाए । अहिले फेवाताल क्षेत्रबाट सराङ्कोट जान गाडीबाट करिब ४५ मिनेट लाग्छ। ज्येष्ठ नागरिकको लागि ५० प्रतिशत र बिद्यार्थीहरुको लागि २५ प्रतिशत छुटको व्यबस्था गरिएको निर्देशक त्रिपाठीले जनाए । केही दिन अघिको सफल परिक्षण पछि फागुन ६ देखि व्यवसायीक रुपमा उक्त केवलकार संचालन गर्ने तयारी गरिएको कम्पनीले जनाएको छ। १३ बर्षको आफ्नो सपना हाल सहाकार भएको बताउदै त्रिपाठीले जग्गा बिबाद,



कोरोना सहितको प्राविधिक कारणले गर्दा उक्त केवलकार संचालनमा आउन समय लागेको बताए।

जापानीज निपुन केवलका टिम लिडर ओचीआईको नेतृत्वमा ७ सदस्य टोली हालै उक्त केवलकारको सफल परिक्षण गरेसंगै व्यवसायीक रुपमा संचालन गर्न लागेको त्रिपाठीले जनाए। उक्त परियोजनाका प्राविधिक इन्चार्ज डि.एन.कायस्थले उक्त केवलकार अत्याधुनिक प्रविधि जडान भएकोले सुरक्षाको दृष्टिले निकै मजबुद भएको दाबी गरे । उक्त परियोजनामा हाल करिब २ अर्ब लगानी भएको निर्देशक त्रिपाठीले बताए। २.४ किलोमिटर दुरीमा हाल १८ वटा टावर रहेकाछन भने एक सामान वोक्ने सहित १८ वटै गुण्डला (डिब्बा) जडान भएको जनरल म्यानेजर दिनेश पौडेलले बताए। प्रति डिब्बामा ८ जनाको सिट क्षेमता रहेको छ भने प्रति घण्टा ५ सय जना यात्रु ओहोर दोहोर गर्न सकिने भएको उनले जनाए।

उक्त कम्पनीले पूर्ण व्यावसायीक रुपमा केवलकार संचालन भएसंगै ८० जनालाई प्रत्यक्ष रुपमा रोजगार दिने भएको छ। पोखराको फेवाताल किनारा र सराङकोटलाई जोड्ने गरी पोखरामा पर्यटनको नयाँ प्रोडक्टको रुपमा आफुहरुले विकसित गर्न खोजिएको त्रिपाठीले बताए । उक्त केवलकारमा करिब ३६ वटा भन्दा बढी डिब्बा क्षेमताको भएको उनले जनाए। केबलकारमा युवा व्यवसायि कालु गुरुङ सहितका नेपाली व्यवसायी, पूर्व जापानी नागरिक टाकासी मियाहारा र स्थानीयको लगानी रहेको प्रालिले जनाएको छ। अन्नपूर्ण केबलकार प्रालिका अध्यक्ष कालु गुरुङ रहेका छन्। केबलकार निर्माणको जिम्मा चितवन कोई समूहले पाएको हो । नेपालमा सञ्चालनमा रहेका मनकामना र चन्द्रागिरी केबलकार जस्तै भएपनि यो केबलबार नयाँ प्रविधि प्रयोग भएको अध्यक्ष गुरुङले बताउदै आएका छन्।

माथिल्लो स्टेशन भवन सहित स्काई हेवन वेलुन रेष्टुरेन्ट, भ्यु टावर निमार्ण भएको छ भने तल्लो स्टेशनमा पार्किङ, गार्डेन सहितको संरचना निमार्ण भएको छ। स्टेशन निर्माण गर्ने बिषयमा पहिला स्टिल फेब्रिकेशन मोडल निमार्ण गर्ने लक्ष्य राखे पनि पछि आएर आरसिसि (कंक्रिट) मोडलमा निमार्ण गरेकोले लागत बढ्न गएको त्रिपाठीले बताए । उनका अनुसार तल्लो तथा माथिल्लो स्टेशनमा १५/१५ रोपनी सहित करिब ७५ रोपनी जग्गा खरिद गरिएको छ। केबलकारमा यात्रा गर्दा हिमाल, फेवाताल, हरियो वन जंगल तथा पोखराको मनोरम दृश्यावलोकन गर्न सकिने त्रिपाठीले बताए।

## महाअभियोग प्रस्ताव पारित गर्न सत्ता गठबन्धन र प्रतिपक्षी दललाई कांग्रेसको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ फागुन**

नेपाली कांग्रेसले प्रधानन्यायाधीशविरुद्ध संसद्‌मा दर्ता भएको महाअभियोग प्रस्तावको पक्षमा दृढतापूर्वक उभिँदै त्यसलाई सदनबाट पारित गर्न सत्ता गठबन्धन र प्रतिपक्षमा रहेका सम्पूर्ण दलसमक्ष आग्रह गरेको छ।

पाटीका केन्द्रीय कार्यसम्पादन समितिको आजको बैठकले न्यायालयलाई गति प्रदान गर्ने जिम्मेवारी संविधानतः सार्वभौम संसद्‌को भएकाले महाअभियोग प्रस्ताव पारित गर्न आग्रह गरेको हो । लोकतन्त्र र न्यायको आधारभूत मर्ममाथि हुने सबैखाले प्रहारलाई रोक्न र अदालतप्रतिको जनविश्वासलाई डगमगाउन नदिन कांग्रेसले नै निकासका लागि महाअभियोगको अग्रसरता लिएको जनाएको छ । नेपालको लोकतन्त्रिक आन्दोलनमा न्यायालयको ठूलो योगदान रहेको, निरङ्कुश अवस्थामा पनि न्यायालयको नेतृत्वले न्यायपूर्ण ढङ्गले नागरिकको स्वतन्त्रता र लोकतन्त्रको हितको पक्षमा आफूलाई उभ्याएको गौरवपूर्ण इतिहासलाई उपहास हुने कुनै पनि गतिविधि हुन नदिनु हामी सबैको जिम्मेवारी भएको कांग्रेसले बताएको छ।

पछिल्लो समय न्यायालयको नेतृत्वका सन्दर्भमा न्यायालय र न्याय व्यवस्था भित्रैबाट प्रधानन्यायाधीश जस्तो उच्च पदीय जिम्मेवारीमा रहेको व्यक्ति न्यायालयको साख, प्रतिष्ठा, प्रभावकारिता र जनआस्थालाई अभिवृद्धि गर्ने संवैधानिक दायित्वबाट विमुख र विफल रहेको तथा संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमतासमेत नदेखिएको, निकटस्थहरूलाई नियुक्ति गरेको, विचौलियाहरू संलग्न गराई भ्रष्टाचार र अनियमितता गरेकोलगायत आरोपलाई पार्टीले गम्भीररूपमा लिएको बैठकपछि जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । "न्यायालयको स्वतन्त्रता र निष्पक्षता लोकतान्त्रिक व्यवस्थाको प्रमुख आधार स्तम्भ हो भने न्यायिक शुद्धता र पवित्रताको प्रमुख पक्ष भनेको न्यायालयको नेतृत्व हो । यसर्थ यसको मर्यादालाई बचाइराख्नु न्यायिक नेतृत्व र सबैको नैतिक कर्तव्य हो । स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायापालिका र न्यायिक नेतृत्वबिना नेपाली कांग्रेसले विश्वास गरेको उदार लोकतन्त्र र जनअधिकारको रक्षा सम्भव छैन । त्यसैले अदालतभित्रको शुद्धता र पवित्रताको लडाइँमा नेपाली कांग्रेस स्पष्ट दृष्टिकोणका साथ पक्षमा उभिँदै आएको छ र आफ्नो नैतिक कर्तव्य ठानी न्यायालयको नेतृत्वले नै निकास दिनुपर्छ भन्ने कांग्रेसको धारणा हो", विज्ञप्तिमा भनिएको छ।

## ५६ हजार ९०८ मात्रा खोप खेर

**रासस**
**काठमाडौं, ३ फागुन**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गठन गरेको कोभिड-१९ विरुद्ध खोप छानबिन समितिले ५६ हजार ९०८ मात्रा खोप खेर गएको जनाएको छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडालाई समितिका संयोजक डा गुणराज लोहनीले बुझाएको प्रतिवेदनमा माघ २१ गतेसम्म ५६ हजार ९०८ मात्रा खोप खेर गएको उल्लेख छ।

मन्त्री खतिवडालाई हिजो सोमबार समितिले प्रतिवेदन बुझाएको थियो । प्रतिवेदन बुझाएपछि आज मात्र सार्वजनिक गरिएको थियो। समितिले तयार पारेको प्रतिवेदनमा चार करोड ५७ लाख आठ हजार ६४० मात्रा खोप हालसम्म प्राप्त भएको जनाइएको छ । यस्तै तीन करोड ३८ लाख २६ हजार ३३० मात्रा खोप लगाइएको र एक करोड २३ लाख ३७ हजार ६६५ खोप मौज्दात रहेको उल्लेख गरिएको छ।

प्रतिवेदनमा सबै विवरणलाई विश्लेषण गर्दा चार लाख ५५ हजार ३५५ मात्रा खोप बढी भएको देखिएको उल्लेख छ । कोरोनाविरुद्धको खोप छानबिन समितिको प्रतिवेदनअनुसार खोप अभियानलाई पूर्णरूपमा व्यवस्थित गर्न नसकिएको बताइएको छ । यस्तै प्रतिवेदनमा कोभिडविरुद्धको खोप निःशुल्क भएबापत केही व्यक्तिले पैसा लिएको गुनासो आएको प्रतिवेदनमा उल्लेख छ। यसको छानबिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेको बताइएको छ । खोप अभियान कार्यक्रममा लक्षित अभियान भन्दाबाहेकका व्यक्तिले पनि लगाएको प्रतिवेदनले जनाएको छ । "बुष्टर डोज लगाउनेसम्बन्धी आधिकारिक निर्णय नहुँदै पहिले खोप लगाइसकेका व्यक्तिले पहिलो खोप पनि बुष्टर लगाएको देखिन्छ", प्रतिवेदनमा भनिएको छ। विभिन्न स्थानमा गरिएको स्थलगत अवलोकन अन्तर्क्रिया र सन्दर्भ सामग्रीको अध्ययन गर्दा १० मात्राको भायलमा ११ जना मानिसलाई समेत खोप लगाएको देखिएको छ।

प्रतिवेदनमा केही जिल्ला तथा स्थानीय तहमा हस्तान्तरण फाराम मौज्दात र खोप लगाएको विवरणको अभिलेख नियमित र पूर्णरूपमा अद्यावधिक हुन नसकेको, खोप दिने स्वास्थ्य संस्थाले खोप कभरेजको अभिलेख राख्न रजिष्टरको पूर्णरूपमा प्रयोग नगरेको उल्लेख छ । प्रतिवेदनमा सात प्रदेश, ७७ जिल्ला र ७४४ स्थानीय तहले मात्र खोपको विवरण उपलब्ध गराएका छन्।

## गण्डकी प्रदेशमा बुधबार सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ फागुन**

गण्डकी प्रदेश सरकारले बुधबार सार्वजनिक बिदा दिएको छ।

प्रदेश स्थापना दिवसको अवसरमा फागुन ४ गते बिदा दिने निर्णय भएको गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको सचिवालयले जानकारी दिएको छ। 'गण्डकी प्रदेश स्थापना दिवसका अवसरमा फागुन ४ गते प्रदेशभर सार्वजनिक बिदा दिने प्रदेश सरकारको निर्णय भएको छ,' मुख्यमन्त्री पोखरेलको सचिवालयले भनेको छ।

प्रदेश सभाले २०७५ साल असार १८ गते पोखरालाई प्रदेश राजधानी तोकेको थियो। २२ गते प्रदेशको नाम गण्डकी नामकरण गरेको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मनाङमा अद्यावधिक नामावली आएन

**रासस**
**मनाङ, ३ फागुन**


स्थानीय तहको निर्वाचनको मिति घोषणा भइसकेको छ । निर्वाचनको मिति घोषणा भएसँगै मतदाता नामावली सङ्कलन स्थगित भएको छ । तर, हिमाली जिल्ला मनाङमा हालसम्म पनि अद्यावधिक मतदाता नामावली आइपुगेको छैन ।

निर्वाचन नजिकिएसँगै अद्यावधिक भएको नयाँ मतदाता नामावली भने हालसम्म जिल्लामा आइनपुगेको निर्वाचन कार्यालय मनाङका निमित्त प्रमुख निर्वाचन अधिकारी अनन्त सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचनको मिति घोषणा भएपछि विभिन्न राजनीतिक दलले प्रचारप्रसारलाई समेत तिव्रता दिइसकेको अवस्थामा पनि अद्यावधिक भएको नामावली जिल्लामा आइपुगेको छैन । निर्वाचनको मिति घोषणा भएपछि नामावली सङ्कलन स्थगित गरी अद्यावधिकको काम भइरहेको निर्वाचन अधिकारी सुवेदीले बताउनुभयो । कार्यालय तथा स्थानीय तहमा पुगेर सङ्कलन भएको मतदाता नामावली सङ्ख्या अद्यावधिकका लागि निर्वाचन आयोगमा पठाएको तर हालसम्म आइनपुगेको उहाँले बताउनुभयो । बाहिरी जिल्लाका व्यक्तिले भने यहाँ नामावली दर्ता गराएका छैनन् । “दर्ता भएका मतदाताको विवरण रुजु गरी विभाग पठाइएको छ, दाबी विरोधको काम भइरहेकाले उमेर नपुगेको र नाम दोहोरिएको भए हटेर आउनेछ”, उहाँले भन्नुभयो । जिल्लाको जनसङ्ख्या भन्दा मतदाता नामावली बढी भएपछि दोहोरो वा नामावली नमिलेको खण्डमा घटेर आउने उहाँले बताउनुभयो । कार्यालयले जिल्लाका तीन वटै स्थानीय तहबाट गत मङ्सिर १७ देखि पुस ९ गतेसम्म सञ्चालन गरिएको मतदाता नामावली सङ्कलन अभियानमार्फत् २६३ मतदाता थपिएका थिए । त्यसबाहेक निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट भएको मतदाता नामावली सङ्कलनबाट पनि ६ हजार ९० मतदाता पुगेको उहाँले बताउनुभयो । मनाङ डिस्याङ गाउँपालिकाबाट सबैभन्दा बढी मतदाता थपिएको उहाँले जानकारी दिनुभयो । गाउँपालिकाबाट २८, नार्पाभूमि गाउँपालिकाबाट १० र नासों गाउँपालिकाबाट २५ मतदाता थपिएका छन् । तीमध्ये महिलाको सङ्ख्या बढी छ । “निर्वाचन कार्यालयले अद्यावधिक नामावली स्थानीय तहमा पठाइसक्नुपर्ने हुन्छ । तर, जिल्लामा अद्यावधिक भएको नामावली नआउँदा पालिकामा पठाउन सकिएको छैन”, निर्वाचन अधिकारी सुवेदीले भन्नुभयो, “अद्यावधिक भएको नामावली आउनासाथ पालिकामा पठाउने गरी काम गरिरहेका छौं ।”

विसं २०७७ चैतसम्म १८ वर्ष पुगेका मतदाता सङ्ख्या ६ हजार ३०९ पुगेको कार्यालयले जनाएको छ । चालु आर्थिक वर्षको साउनदेखि कात्तिकसम्म ६ हजार ५९० मतदाता रहेको जिल्लामा कात्तिकपछिको अद्यावधिक भएको मतदाता नामावली विभागमा पठाइएको छ । यसरी अद्यावधिक भएको मतदाता नामावली हालसम्म यहाँ आइपुगेको छैन ।

# अस्ताए प्रख्यात लेखक तथा समालोचक शर्मा

**रासस**
**काठमाडौं, ३ फागुन**



ताना शर्मा नामबाट समेत परिचित तारानाथ शर्मा नेपाली साहित्य आकासमा चर्चित नाम हो । शर्माको मंगलबार बिहान निधन भएको छ । उहाँको भौतिक शरीर अब हामीमाझ नरहे पनि नेपाली साहित्य क्षेत्रमा उहाँले छोड्नुभएका अमूल्य कृतिहरूले भने उहाँलाई अमर राख्नेछन् ।

इलाममा जन्मनुभएका उहाँको कर्मथलो भने काठमाडौँ थियो । आज काठमाडौँस्थित उहाँको आफ्नै निजी निवासमा निधन भएको हो । उहाँ मधुमेहबाट पीडित हुनुहुन्थ्यो । लेखनमा रमाउने शर्मा अस्वस्थताका कारण पछिल्लो डेढ वर्षयता भने साहित्य लेखनमा सक्रिय हुनुहुन्नथ्यो । उहाँमा पछिल्लो समय बिर्सने समस्या देखिएको थियो । प्रख्यात समालोचक तथा लेखक शर्माको जन्म विसं १९९१ असार ९ गते निर्जला एकादशीका दिन भएको थियो । पिता प्रजापति उपाध्याय र माता देवकीको जेठो छोराका रूपमा इलाम सूर्योदय नगरपालिका-९ बरबोटेमा जन्मनुभएका उहाँको पठनपाठन संस्कृत शिक्षाबाट सुरु भएको हो ।

अङ्ग्रेजी साहित्यमा एमए र भाषा विज्ञानमा विद्यावारिधि गर्नुभएका उहाँ मदन पुरस्कार, साझा पुरस्कार लगायतबाट सम्मानित हुनुभएको छ । उहाँको कृति ‘बेलाइततिर बरालिँदा’ले २०२६ सालमा मदन पुरस्कार पाएको थियो भने ‘सम र समका कृति’ ले २०२९ सालमा साझा पुरस्कार पाउन सफल भएको थियो । विसं २०२३ मा रत्नश्री स्वर्णपदक र २०३९ सालमा सर्वश्रेष्ठ पाठ्यपुस्तक लेखन पुरस्कारसमेत पाउनुभएको थियो । डा शर्माले निबन्धबाट लेखन यात्रा सुरु गर्नुभएको हो । उहाँले २००८ सालमा थिओडर मेननको सम्पादनमा दार्जिलिङबाट निस्कने ‘साथी’ साप्ताहिक पत्रिकामा ‘इलाम’ शीर्षकमा निबन्ध छाप्नुभएको थियो । उहाँले अध्ययनकै सिलसिलामा भारतको खर्साङ छँदा ‘आह्वान’ हस्तलिखित पत्रिका निकाल्नुभएको थियो । ‘हिमध्वनि’ पत्रिकाको सम्पादकसमेत रहेर कामगर्नुभएकाउहाँकाप्रकाशितमध्येको अन्तिम कृति ‘चरी भरर’ निबन्ध सङ्ग्रह हो ।

उहाँको थर भने भण्डारी हो । उहाँ भारत बसेकै बेला भण्डारी थर लेख्न छोडेर शर्मा लेख्न थाल्नुभएको थियो । तारानाथ शर्माले कविता पनि लेख्नुभएको छ । उहाँका कविता भने थोरै मात्र छन् । बनारसमा पढ्दै गर्दा २०१३ सालमा बालकृष्ण पोखरेल, चुडामणि रेग्मी, कोषराज रेग्मी, बल्लभमणि दहाललगायतसँग मिलेर झर्रोवादी अभियान थाल्नुभएको थियो । सो अभियान अहिले नेपाली साहित्यका क्षेत्रमा चर्चित पनि छ । नौलो पाइलो नामक पत्रिका प्रकाशन सुरु गर्नुभएका शर्माले झर्रोवादबारे विभिन्न पत्रिकामा लेखसमेत लेख्नुभएको छ ।

उहाँको अभियानलाई नेपाली भाषा र साहित्य लेखन क्षेत्रका धेरैले साथ दिएका थिए । उहाँले एकताका शर्माको सट्टा सर्मा लेख्ने गर्नुहुन्थ्यो जुन झर्रोवादमा नै पर्ने उहाँको तर्क थियो । बनारसमा पढ्दा उहाँलाई आफ्नो थर ‘भण्डारी’ भारतीय जस्तो लागेर शर्मा लेख्न थालेको उहाँ बताउनुहुन्थ्यो । थर फेरेर घर पुग्दा बुबाले गुनासो गर्नुभएको थियो । एउटा पुस्तकमा ‘इदं पुस्तकम् प्रजापति शर्मणः’ लेखेको पत्ता लगाएपछि त्यसैको तर्कका आधारमा बुबाको चित्त बुझाएको पनि उहाँ बताउनुहुन्थ्यो ।

तारानाथ विद्यार्थी छँदै विभिन्न पत्रिकामा लेख तथा समालोचना छाप्नुहुन्थ्यो । उहाँको पहिलो पुस्तक ‘नमस्ते’ निबन्ध सङ्ग्रह हो । रत्नपुस्तक भण्डारले २०१८ सालमा छापेको सो पुस्तक चर्चित पनि छ । दोस्रो कृतिका रूपमा २०२१ सालमा ‘घोत्ल्याइहरू’ भन्ने समालोचना सङ्ग्रह निस्किएको थियो ।

उहाँको सम्पादनमा गोपालप्रसाद रिमालको ‘आमाको सपना’ कविता सङ्ग्रह, २०२० सालमा र गुरूप्रसाद मैनालीको ‘नासो’ कथा सङ्ग्रह, २०२१ सालमा प्रकाशन भएको थियो । भाषाशास्त्री बालकृष्ण पोखरेलले तारानाथको लेखलाई नियात्रा नामकरण गरिदिनुभएको थियो । त्यसअघिसम्म नियात्रा शब्द प्रयोगमा थिएन भनिएको छ । बालकृष्णले रत्नश्रीमा २०२३ सालमा छापिएको तारानाथको ‘मेनाइ साँघुको मेला’ शीर्षक लेख पढेपछि ‘तिमीले नियात्रा लेखेछौ’ भन्नुभएको थियो । पछि, त्यही लेखसहितको ‘बेलाइततिर बरालिँदा’ निबन्ध सङ्ग्रहको भूमिकामा बालकृष्णले नियात्रा लेखिदिएको बताइएको छ ।

उहाँले भारत, चीन, जापान, बेलायत, अमेरिका, भूटान, पाकिस्तान, थाइल्यान्ड, लेबनान, टर्की, जर्मनी, इटाली लगायतका देशको भ्रमण गर्नुभएको थियो ।

# गौतमबुद्ध विमानस्थलमा ‘क्यालिब्रेसन’ उडान हुने

**रासस**
**काठमाडौं, ३ फागुन**

राष्ट्रिय गौरबको आयोजनाको रूपमा रहेको भैरहवामा निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा फागुन ६ गतेदेखि १५ गतेसम्म यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) गर्ने भएको छ ।

प्राधिकरणले मंगलबार सार्वजनिक सूचना निकालेर भैरहवामा १० दिनसम्म क्यालिब्रेस उडान सञ्चालन गर्ने तयारी गरिएको जनाएको हो । क्यालिब्रेसन उडानको जिम्मेवारी एरोनटिकल रेडियो अफ थाइल्याण्ड (एरो थाई) ले पाएको छ । एरो थाइको जहाज फागुन ५ गते काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रियविमानस्थलमाअवतरण गर्नेछ । काठमाडौँबाट भैरहवाका लागि उडान भरेर क्यालिब्रेसन उडान गर्ने जनाइएको छ ।

गौतमबुद्ध विमानस्थलको भौतिक निर्माण तथा उपकरण जडानसम्बन्धी कार्य सम्पन्न भइसकेको छ । क्यालिब्रेसन उडानका समयमा गौतमबुद्ध विमानस्थलमा उडान तथा अवतरण समय ढिलो हुने भएकाले सम्बन्धित वायुसेवा कम्पनी तथा यात्रुलाई पर्न गएको असुविधाप्रति प्राधिकरणले क्षमा मागेको छ । परीक्षण उडान पश्चात यो विमानस्थमा व्यवसायिक उडान गर्ने तयारी गरिएको छ ।

# अस्पताल व्यवस्थापन समिति चार महिनादेखि पदाधिकारीविहीन

**पोखरापत्र संवाददाता**
**दमौली, ३ फागुन**

स दरम् ु का म ि स् थ त दमौली अस्पताल व्यवस्थापन समिति विगत चार महिनादेखि पदाधिकारीविहीन हुँदा अत्यावश्यक निर्णय प्रभावित भएको छ ।

गत असोज २२ देखि व्यवस्थापन समितिका अध्यक्षलगायत सदस्यहरूको कार्यकाल सकिएर नयाँ पदाधिकारी नियुक्ति नहुँदा अस्पतालको प्रशासनिक कार्य प्रभावित भएको हो । गण्डकी प्रदेश सरकारमातहत रहेको दमौली अस्पतालमा स्वास्थ्य मन्त्रालयले अध्यक्ष नियुक्ति गर्नुपर्नेमा चार महिनासम्म अध्यक्ष नियुक्ति हुन नसकेको हो । अस्पतालमा अध्यक्ष नियुक्ति नहुँदा प्रशासनिक कामकाजमा समस्या भएको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा सुनिल पौडेलले जानकारी दिनुभयो ।

“अध्यक्ष नियुक्ति नहुँदा आर्थिक निर्णयहरू रोकिएका छन्, यसले गर्दा अस्पताल सञ्चालनमा समेत बाधा पुग्दै आएको छ”, उहाँले भन्नुभयो, “आन्तरिक स्रोतबाट परिचालन गर्ने सबै कुरा रोकिएका छन् ।” पौडेलले पदाधिकारीविहीन भएकै कारण अस्पतालमा करारमा कार्यरत चिकित्सकलाई तलबभत्ता उपलब्ध गराउन नसकिएको बताउनुभयो । उहाँका अनुसार पदाधिकारीविहीन हुँदा अस्पतालमा कर्मचारी नियुक्ति पनि रोकिएका छन् । अस्पतालमा जनशक्ति कम भएको र नयाँ कर्मचारी नियुक्ति नहुँदा कार्यरत जनशक्तिले नै तोकिएभन्दा बढी समय काम गर्दै आएको पौडेलले बताउनुभयो । पच्चीस शय्या क्षमताको अस्पताल जग्गाको अभावमा स्तरोन्नति हुनसकेको छैन । प्रदेश सरकारलाई पटक-पटक जग्गा व्यवस्थापनका विषयमा जानकारी गराइएको छ । अस्पतालसँगै जोडिएको कृषि ज्ञान केन्द्र र भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको जग्गामध्ये केही जग्गा अस्पताललाई उपलब्ध गराउन सिफारिस भइसकेको छ ।

अ स् प ता ल का े स्तरोन्नति गर्न सकिए सरकारी फिजिसियन, सर्जन, बालरोग, प्रसूतिरोगका विशेषज्ञ चिकित्सकको दरबन्दी थप हुनेछ । अस्पतालले आकस्मिक सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, मानसिक उपचार र डायलासिस सेवासमेत प्रदान गर्दै आइरहेको छ । विसं २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना र विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो ।

अ स् प ता ल मा फोहर पानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, गाइनोलोष्टिबाट सेवा सञ्चालन, भेन्टिलेटरसहित आइसीयू कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्षलगायत सेवा विस्तार गरिएको छ ।

साथै शव राख्नका लागि दुई तह भएका दुईवटा मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ ।

# खोप हराएको तथ्य ढाकछोप नगर्न आग्रह


**रासस**
**काठमाडौं, ३ फागुन**

नेकपा (एमाले) ले कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले अनुदानबाट प्राप्त र खरिद गरेका खोपमध्ये २४ लाख खोप हराएको तथ्य ढाकछोप नगर्न आग्रह गरेको छ ।

सो सन्दर्भमा स्वास्थ्यमन्त्री विरोध खतिवडाले हालै एक टेलिभिजनमा ‘खोपहरु नहराएको’ दाबी गर्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका बेलामा आफू स्वयम्ले कोभिडविरुद्धको पहिलो खोप रु पाँच हजारमा ‘किनेर लगाएको’ भनी दिएको अभिव्यक्तिप्रति एमालेले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । एमालेको स्वास्थ्य तथा जनसङ्ख्या विभागका प्रमुख योगेश भट्टराईले आज जारी गर्नुभएको विज्ञप्तिमा सिभिल अस्पताल, बानेश्वरमा मन्त्री खतिवडाले पहिलो मात्रा खोप २०७७ फागुन १९ गते लगाएको अभिलेख सुरक्षित रहेको तत्कालीन सरकारले ०७७ फागुन १९ देखि २१ सम्म सङ्घीय संसद्का सदस्यलाई सिभिल अस्पतालमा निःशुल्क खोप उपलब्ध गराएको बेला सिभिल अस्पतालको रजिष्ट्र ‘ख’ मा क्रसं ४८ मा दर्ता गरेर खोप लगाउनुका साथै हस्ताक्षरसमेत गर्नुभएको विज्ञप्तिमा जनाइएको छ । “मन्त्री खतिवडाले पूर्ववर्ती सरकारलाई बदनाम गर्नकै लागि आमजनसमुदायलाई गलत सूचना दिई कोभिडजस्तो संवेदनशील विषयमा अफवाह सिर्जना गर्नुभएको छ”, विज्ञप्तिमा भनिएको छ ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाह्री झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।